

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक १९ गते बिहीबार ❑ 5 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

नेपाल प्रहरीको महानिरीक्षक पदमा केसीलाई नियुक्त

रासस
काठमाडौं, १८ कार्तिक

सरकारले नेपाल प्रहरीको महानिरीक्षक पदमा डा मनोजकुमार केसीलाई नियुक्त गरेको छ।

बुधबार बसेको मन्त्रिपरिषद् बैठकले नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक डा केसीलाई प्रहरी नियमावली, २०७१ को नियम ४१ बमोजिम यही कात्तिक १८ गतेदेखि लागू हुनेगरी महानिरीक्षक पदमा बढुवा गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो। मन्त्री पोखरेलका अनुसार बैठकले वर्तमान परिस्थितिमा मुलुकको शान्ति सुरक्षाको व्यवस्था सुदृढ गर्नका लागि प्रधानमन्त्रीलाई सुरक्षासम्बन्धी आवश्यक सल्लाह, सुझाव र परामर्श दिन नेपाल प्रहरीको प्रहरी महानिरीक्षकस्तरको प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार पद



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिर्जना गर्ने निर्णय गरेको छ। साथै उक्त पदमा नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई खटाउने निर्णय गरेको छ।

यसैगरी गृहमन्त्री सुधन गुरुङले नवनियुक्त प्रहरी महानिरीक्षक डा मनोजकुमार केसीलाई दर्ज्यानी चिह्न प्रदान गर्नुभएको छ । गृहमन्त्रालयमा बुधबार आयोजित कार्यक्रममा मन्त्री गुरुङले प्रहरी महानिरीक्षक केसीलाई नियुक्ति पत्र हस्तान्तरण गर्नुभयो। यसअघि गृहसचिवले प्रहरी महानिरीक्षकलाई दर्ज्यानी चिह्न प्रदान गरिँदै आइएको थियो। मन्त्रिपरिषद् बैठकले प्रहरी अतिरिक्त महानिरीक्षक केसीलाई प्रहरी महारनिरीक्षकमा पदोन्नति गरेको थियो।

नवनियुक्त प्रहरी महानिरीक्षक केसीले कम्बोडियाबाट द्वन्द्व रुपान्तरण विषयमा विद्यावारिधि गर्नुभएको छ। विसं २०३२ साउन २८ गते नुवाकोटमा जन्मनुभएका डा केसी २०५४ चैत २८ गते प्रहरी निरीक्षकका रूपमा प्रहरी सेवामा प्रवेश गर्नुभएको थियो। सो अवसरमा गृहमन्त्री सुधन गुरुङले प्रहरी र नागरिकबीचको दूरी अन्त्य गर्न नवनियुक्त महानिरीक्षक डा मनोज केसीलाई निर्देशन दिनुभएको छ । गृह मन्त्रालयमा बुधबार डा केसीलाई महानिरीक्षकको दर्ज्यानी चिह्न प्रदान गरेपछि उहाँले नागरिकमैत्री व्यवहार गर्न प्रहरी सङ्गठनलाई निर्देशन दिनुभएको हो । "शान्ति सुरक्षा, अपराध नियन्त्रण, विपद् व्यवस्थापन र नागरिक सेवाका क्षेत्रमा प्राभवकारीरूपमा काम गर्नुहोस्", गृहमन्त्री गुरुङले भन्नुभयो । 'फिल्ड'मा खटिने प्रहरी जवानको मनोबल उच्च राख्न निर्देशन दिँदै उहाँले भन्नुभयो, "प्रहरीलाई आवश्यक स्रोतसाधन दिन सरकार तयार छ। कुनै काममा गाह्रो अप्ठ्यारो छ भने सम्बोधन गर्न गृह मन्त्रालय तत्पर छ।"

पोखरामा गोदावरी र सयपत्री फूलको मेला सुरु

पोखरापत्र संवाददाता
पोखरा, १८ कार्तिक

फूलैफूलको पर्व तिहार र छठलाई लक्षित गर्दै पोखरामा नवौं गोदावरी पुष्प प्रदर्शनी तथा पाँचौं गण्डकी प्रदेशस्तरीय एवं तेस्रो सयपत्री फूल मेला सुरु भएको छ।

स्थानीय फूलको उत्पादन, प्रवद्धन र बजारीकरणलाई प्रोत्साहन गर्दै पुष्प व्यवसायको विस्तार गर्ने उद्देश्यले पोखरा रङ्गशालामा बुधबारदेखि मेला सुरु भएको हो। मेलाको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले फूलको उत्पादन र प्रयोगलाई घरघरमा विस्तार गर्न महानगरले विशेष कार्यक्रम ल्याउने तयारी गरेको बताउनुभयो । उहाँले तिहार र छठ पर्वलगत्तै 'एक घर, दुई फूल फुल्ने बिरुवा' रोप्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने जानकारी दिनुभयो।

महानगर क्षेत्रमा हाल करिब ५० हजार घर तथा भवन रहेको उल्लेख गर्दै प्रमुख आचार्यले प्रत्येक घरमा कम्तीमा दुईवटा फूलका बिरुवा रोप्ने अभियानका लागि एक लाख बिरुवा आवश्यक पर्ने बताउनुभयो । यसका लागि महानगरले नर्सरी तथा पुष्प व्यवसायीसँग समन्वय गरी बिरुवा खरिद गर्ने योजना बनाएको उहाँको भनाइ थियो । अभियानलाई सफल बनाउन आवश्यक पर्ने बिरुवाको मूल्यमा अनावश्यक वृद्धि नगर्न उहाँले व्यवसायीलाई आग्रहसमेत गर्नुभयो । स्थानीय स्तरमै फूल उत्पादन बढाउने, किसानलाई बजार सुनिश्चित गर्ने र उपभोक्तालाई तिहार तथा छठका लागि आवश्यक फूल सहज रूपमा उपलब्ध गराउने उद्देश्यले मेला आयोजना गरिएको फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान) कास्कीका अध्यक्ष श्रीराम सुवेदीले बताउनुभयो । 'सुन्दर नगरी पोखराको पहिचान, व्यावसायिक प्रवद्धनमा गोदावरीको शान' भन्ने नाराका साथ आयोजना गरिएको मेलामा ३५ हजारभन्दा बढी दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको उहाँले जानकारी दिनुभयो । अध्यक्ष सुवेदीका अनुसार मेलामा व्यावसायिक २२, कृषि सामग्रीका तीन र सूचनामूलक एक गरी २६ वटा प्रदर्शनी तथा बिक्री कक्ष राखिएका छन् । ती कक्षमा विभिन्न प्रजातिका गोदावरी, सयपत्री, मखमली, फूलमाला तथा अन्य मौसमी फूल र बिरुवाको प्रदर्शनी तथा बिक्री भइरहेको छ । लामो समयदेखि नेपालमा व्यावसायिक उत्पादन हुँदै आएका गोदावरीका प्रजातिसँगै यस वर्ष भित्रिएका नयाँ प्रजातिका फूलसमेत मेलामा राखिएका छन् । मेला कात्तिक २३ गतेसम्म सञ्चालन हुनेछ।

कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष शोभा गौतमले यस्ता मेला तथा महोत्सवले स्थानीय उत्पादनको प्रवद्धनसँगै बजारलाई थप चलायमान बनाउन सहयोग पुग्ने बताउनुभयो । फूल उत्पादक किसान र व्यवसायीलाई उपभोक्तासँग प्रत्यक्ष जोड्ने यस्ता कार्यक्रमले आर्थिक गतिविधि बढाउनुका साथै स्थानीय उत्पादनको बजारीकरणमा समेत टेवा पुऱ्याउने उहाँको भनाइ थियो।पोखरा महानगरपालिकाका अनुसार यस वर्ष महानगर क्षेत्रमा करिब दुई सय रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेती गरिएको छ। महानगरको आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाका अनुसार यस वर्ष तिहारलाई लक्षित गरी पोखरामा दुई करोड रुपैयाँभन्दा बढीको फूल कारोबार हुने अनुमान गरिएको छ । महानगर क्षेत्रमा हाल १६५ जना किसान व्यावसायिक फूलखेतीमा संलग्न छन्। फूलखेतीलाई प्रोत्साहन गर्न महानगरले किसानलाई बीउ तथा मल्चिङ प्लास्टिक खरिदमा ५० प्रतिशत अनुदानसमेत उपलब्ध गराउँदै आएको छ । महानगरले यस वर्ष फूलको मूल्यलाई व्यवस्थित गर्नुका साथै स्थानीय उत्पादन गर्ने किसानलाई उचित प्रतिफल सुनिश्चित गर्न न्यूनतम समर्थन मूल्य तोक्ने तयारी गरेको पनि प्रमुख कडरियाले जानकारी दिनुभयो । फ्यान कास्कीका अध्यक्ष सुवेदीका अनुसार संस्थामा आबद्ध ४२ वटा नर्सरी तथा पुष्प व्यवसायी फूल उत्पादन र बिक्री वितरणमा सक्रिय छन् । व्यवसायीहरूले फूलखेतीबाट न्यूनतम ५० हजार रुपैयाँदेखि अधिकतम छ लाख रुपैयाँसम्म आम्दानी गर्दै आएका छन् । यद्यपि, पछिल्लो समय लगातार परेको वर्षाका कारण खुला स्थानमा गरिएको फूलखेती प्रभावित हुन सक्ने

बाँकी अन्तिम पृष्ठमा ▶▶

उद्यमशीलता प्रवर्द्धनका लागि पोखरामा 'नेपाल स्टार्टअप समिट'

पोखरापत्र संवाददाता
पोखरा, १८ कार्तिक

उद्यमशीलता र नवप्रवर्तनमार्फत स्वदेशमै उद्यमी बन्न युवा पुस्तालाई प्रेरित गर्ने उद्देश्यले आज पोखरामा 'नेपाल स्टार्टअप समिट-२०२६' आयोजना गरियो।

नीति रिसर्च प्रालिले आयोजना गरेको उक्त समिटको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गर्नुभयो। मुख्यमन्त्री पाण्डेले उद्यमशीलता प्रवर्द्धनका लागि प्रदेश सरकारले 'गण्डकी स्टार्टअप' कार्यक्रम सुरु गरे पनि अपेक्षित उपलब्धि हासिल हुन नसकेको बताउनुभयो । उद्यम सञ्चालन गर्न चाहनेलाई प्रदेश सरकारले अनुदानसहित प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिरहेको उहाँले बताउनुभयो।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले



महानगरले व्यवसाय प्रवर्द्धन केन्द्रमार्फत युवा पुस्तालाई उद्यमशीलता र रोजगारीसँग जोड्ने काम गरेको बताउनुभयो।


"पोखरा भित्र स्वरोजमूलक व्यवसाय सञ्चालन गर्दै आउनुभएका उद्यमीलाई प्रविधि र तालिम उपलब्ध गराउने काम पनि महानगरले गरिरहेको छ", उहाँले भन्नुभयो, "महानगरले सञ्चालन गरिरहेको स्टार्टअपबाट पनि धेरैले लाभ लिइरहनुभएको छ।" नगरप्रमुख आचार्यले स्टार्टअप अहिलेको जल्दोबल्दो र महत्वपूर्ण विषय रहेको बताउनुभयो । नवीन सोच र सिर्जनात्मक विचारलाई उद्यमशीलतासँग जोडेर रोजगारी सिर्जना गर्नु नै स्टार्टअपको मुख्य उद्देश्य भएको उहाँको भनाइ छ।

नेपालका लागि पाकिस्तानी राजदूत मोहम्मद अमिर खानले स्टार्टअपसँग युवाहरूको भविष्य जोडिएको बताउनुभयो । प्रविधि र नवप्रवर्तनमार्फत युवाहरूले स्वदेशमै उद्यम तथा रोजगारीका अवसर सिर्जना गर्न सक्ने उहाँको भनाइ छ । औद्योगिक व्यवसाय विकास प्रतिष्ठानका कार्यकारी निर्देशक इन्जिनियर उमेशकुमार गुप्ताले स्टार्टअप कार्यक्रमले लगानीकर्तालाई अवसरको पहिचान गर्न सघाउने बताउनुभयो । बैंक तथा वित्तीय संस्था र लगानीकर्तालाई जोड्न यस्ता कार्यक्रम प्रभावकारी हुने उहाँको भनाइ छ । समिटमा नीतिनिर्माता, सम्बन्धित क्षेत्र विज्ञ, बैंक तथा वित्तिय संस्थाका प्रतिनिधि, उद्यमी, विद्यार्थीलगायतले नेपालमा उद्यम विकासका सम्भावना, अवसर र चुनौतीबारे छलफल गरेका थिए । सहभागीहरूले स्वदेशी उत्पादनमा जोड दिँदै आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नुपर्नेमा जोड दिएका थिए । बैंकका प्रतिनिधिहरूले स्टार्टअपका लागि दिइने कर्जा योजनाबारे जानकारी गराएका थिए । उनीहरूले नवीन सोचसहितको व्यावसायिक अवधारणा र स्पष्ट परियोजना प्रस्ताव भएमा विनाधितो कर्जा उपलब्ध गराउन सकिने बताएका थिए । कर्जा दिँदा व्यावसायिक योजना र ऋण तिर्न सक्ने क्षमताको मुल्याङ्कन गरिने उनीहरूको भनाइ थियो । समिटमा सहभागी विद्यार्थीले स्टार्टअपका बारेमा विभिन्न जिज्ञासा राखेका थिए । समिटमा युवा तथा विद्यार्थीहरूलाई व्यवसाय योजना तयार गर्ने, लगानी जुटाउने, सरकारी तथा निजी क्षेत्रबाट उपलब्ध सहुलियत र ऋण सुविधा उपयोग गर्ने तथा उत्पादनलाई राष्ट्रिय र अन्तरराष्ट्रिय बजारसम्म पुऱ्याउने विषयमा व्यावहारिक जानकारी प्रदान गरिएको थियो।

नीति रिसर्च प्रालिका अध्यक्ष शोभा ज्ञवालीले स्टार्टअप समिटले उद्यमशीलता प्रवर्द्धनसँगै नीतिनिर्माण तहमा झक्झकाउने काम गरेको बताउनुभयो । "विशेष गरी युवाहरूलाई स्वदेशमै उद्यमशील बनाउने उद्देश्यले नेपाल स्टार्टअप समिट आयोजना गरिएको हो", उहाँले भन्नुभयो, "यसबाट लगानी र रोजगारीको अवसर सिर्जना हुन्छ, नयाँ सम्भावनाको खोजीका लागि यो महत्वपूर्ण छ।"

युवाहरूलाई व्यावसायिक क्षेत्रमा सिर्जनशील सोचको विकास गराउने, व्यावसायिक योजना निर्माण तथा सूचना-प्रविधिको प्रयोगबाट विश्व बजारसँग जोडिन स्टार्टअपले सहयोग गर्ने अध्यक्ष ज्ञवालीले बताउनुभयो । युवा जनशक्तिलाई स्वदेशमै केही गर्न सकिन्छ भन्ने भावना जागृत गराई उद्यमी बनाउने र रोजगारी सिर्जना गर्नुपर्ने उहाँको भनाइ छ। युवाको सिर्जनशीलता, सीप र नवीन सोचलाई उद्यममा रूपान्तरण गर्ने उद्देश्यले स्टार्टअप समिट सञ्चालन गरिएको अध्यक्ष ज्ञवालीले बताउनुभयो । गत साउनमा काठमाडौँबाट सुरु भएको नेपाल स्टार्टअप समिट-२०२६ यस वर्ष सातवटै प्रदेशमा आयोजना गरिने नीति रिसर्च प्रालिले जनाएको छ।





तिहारका लागि १५९१ भेडाच्याङ्ग्रा मुस्ताङबाट बँसी झारिए

पोखरापत्र संवाददाता
मुस्ताङ, १८ कार्तिक

तिहारका लागि मुस्ताङबाट एक हजार ५९१ भेडाच्याङ्ग्रा बैंसी झारिएका छन् ।

उक्त भेडाच्याङ्ग्रा तिहारका लागि बिक्री गर्न उपल्लो मुस्ताङ र डोल्पाबाट बैंसीतर्फ झारिएको हो । यहाँस्थित कृषि तथा पशु विकास कार्यालयका अनुसार बुधबार बिहानसम्म डोल्पाबाट मुस्ताङ झारिएका र उपल्लो मुस्ताङबाट जोमसोम झारिएका भेडाच्याङ्ग्रा व्यापारीहरुले खरिद गरी बैंसी झारिएको बताएका छन् । कृषि तथा पशु विकास कार्यालयका प्रमुख डा लालमणि अर्यालका अनुसार तिहार पर्वलाई लक्षित गरी व्यापारीले मुस्ताङबाट च्याङ्ग्रा एक हजार ३८५ र भेडा २०६ वटा बैंसी झारेका हुन् । मुस्ताङका च्याङ्ग्रा पालक तथा व्यापारीहरुबाट च्याङ्ग्रा एक हजार १५० र भेडा १३६ तिहारका लागि बैंसी झारिएको हो । यसैगरी उपल्लो डोल्पाबाट मुस्ताङ ल्याईएका च्याङ्ग्रा २३५ र भेड ७० वटा गरी तीन तीन सय भेडाच्याङ्ग्रा मुस्ताङबाट बैंसी झरेको कृषि तथा पशु विकास प्रमुख डा अर्यालले जानकारी दिनुभयो ।

तिहारका लागि उपल्लो मुस्ताङ र डोल्पाबाट जोमसोम झारिएका भेडाच्याङ्ग्रा काठमाडौं, पोखरा, बागलुङ र



म्याग्दीबाट आएका व्यापारीले खरिद गरी बिक्रीका लागि बजार झारेको कृषि तथा पशु विकास प्रमुख डा अर्यालले बताउनुभयो ।

मुस्ताङ र डोल्पाबाट जोमसोम झारिएका भेडाच्याङ्ग्रा एक जिल्लाबाट अर्को जिल्लामा लैजान सम्बन्धित पशु चिकित्सकबाट निरोगिता भएको पुष्टि हुनुपर्छ । कार्यालय प्रमुख डा अर्यालले तिहारका लागि बैंसी झारिएका भेडाच्याङ्गाको भेटेनरी परीक्षण गरेको उल्लेख गर्नुभयो । यसअघि दसैं पर्वलाई लक्षित गरी मुस्ताङबाट करिब १५ हजारभन्दा बढी भेडाच्याङ्ग्रा बाहिरिएका थिए । जसमध्ये ५०० बढी भेडाच्याङ्ग्रा तिब्बतबाट खरिद गरी कोरलानाका हुँदै नेपाल भित्र्याइएको थियो ।

यसवर्षको दसैंमा कर्णाली प्रदेशको डोल्पा, मुगु र जुम्लाबाट पैदल खेदाएर जोमसोम ल्याइएको थियो । कार्यालय प्रमुख डा अर्यालले दसैं पर्वभन्दा तिहारका लागि १० प्रतिशत मात्रै भेडाच्याङ्ग्रा मुस्ताङबाट बैंसी झरेको जानकारी दिनुभयो ।

दसैंका लागि जिल्ला बाहिर र जिल्लाभित्रका स्थानीय ब्यापारीले बिक्रीका लागि पोखरा काठमाडौं पुऱ्याएकामा तिहारका लागि भने जोमसोम झरेका भेडाच्याङ्ग्रा जिल्ला बाहिरबाट आएका ब्यापारीले पोखरा/काठमाडौंतर्फ लगेको प्रमुख डा अर्यालको भनाइ छ ।

यस वर्ष दसै पर्व लक्षित गरी बजार झारिएका भेडाच्याङ्ग्राबाट व्यापारीले राम्रो फाइदा कमाएका छन् । मुस्ताङबाट कम च्याङ्ग्रा झरेको र दसैंमा हिमाली क्षेत्रको चिसो हावापानीमा हुर्काइएको भेडाच्याङ्गाको मासु खाने संस्कृति चलेकाले दशैमा भेडाच्याङ्ग्रा व्यापार फस्टाएको हो । मुस्ताङका कृषकले पुख्यौली व्यवसायका रुपमा भेडाच्याङ्ग्रा र याकचौरी पालन व्यावसायिक रुपमा पछ् याउँदै आइरहेका छन् । हिमाली क्षेत्रमा पशुपालक व्यवसाय प्रवर्द्धनका लागि सङ्घ, प्रदेश र स्थानीय निकायबाट विभिन्न शीर्षकमा अनुदान कार्यक्रम सञ्चालन हुन थालेपछि पशुपालन गर्नेको सर्ख्या वृद्धि हुँदै जान थालेको हो ।

तीन तहका सरकारबाट पशु बिमा, गोठ सुधार, आहार व्यवस्थापनलगायतमा अनुदान सहुलियतको ब्यवस्था गर्न थालेपछि पशुपालनतर्फ कृषकको आकर्षण बढ्दो रहेको कार्यालय प्रमुख डा अर्यालले बताउनुभयो ।उच्च हिमाली क्षेत्रको चिसो हावापानीमा पालन गरिएको भेडाच्याङ्गाको मासु स्वादिलो र पोषिलो हुने गर्छ । उच्चलेकका खर्क, पाटन र बुकीमा भेडाच्याङ्गाले यार्सागुम्बा, निरमसी, जटामसी, पाँचऔले, वनलसुन र जिम्बुलगायतका वन्य जटीबुटी सेवन गर्ने भएकाले भेडाच्याङ्गाको मासु स्वादिलो र स्वास्थ्यवर्द्धक मानिने गर्छ ।

मुस्ताङका घरपझोङ, वारागुङ, लोघेकर र लोमान्थाङ गाउँपालिकाका कृषकले व्यावसायिक रुपमा भेडाच्याङ्ग्रा पालन गर्दैआइरहेका छन् । पछिल्लो समय जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा अनाधिकृत घाँस पलाउने, पानीका मुहान सुक्दै जाने र हिमचितुवालगायतका वन्यजन्तुको जोखिमका कारण पशुपालन व्यवसाय चुनौती बन्दै गएको छ ।

जलपर्यटन व्यवसायमा सावधानी अपनाउन आग्रह

पोखरापत्र संवाददाता
गण्डकी, १८ कार्तिक

पोखराका विभिन्न तालमा हुने गरेका जलपर्यटन सम्बन्धी गतिविधिलाई कानुनअनुसार व्यवस्थित गरी सुरक्षित ढङ्गले सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालय, कास्कीले सार्वजनिक रूपमा आग्रह गरेको छ ।

कार्यालयले मङ्गलबार विज्ञप्तिमार्फत डुङ्गा, कायाकिङ र सर्फिङ बोटलाई सम्बन्धित निकायमा दर्ता गरेर मात्र सञ्चालन गर्न भनेको छ । लाइफ ज्याकेट विना ती गतिविधिमा भाग लिनबाट पूर्ण रूपमा रोक लगाउनुपर्ने सहायक प्रमुख जिल्ला अधिकारी रमेश घर्तीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

व्यवसायिले सेवाग्राही के-कस्तो अवस्थामा जलपर्यटसँगसम्बन्धी गतिविधिमा भाग लिएका छन् भनेर नियमित निगरानी गर्नुपर्ने छ । सोह्र वर्षमुनिका बालबालिकालाई अभिभावकविना एक्लै कायाकिङ र सर्फिङ बोट सञ्चालन गर्न नदिन आग्रह गरिएको छ । त्यस्तै तोकिएको स्थानमा मात्र कायाकिङ र सर्फिङ बोट सञ्चालन गर्न अनुरोध गरिएको छ ।

पूर्वस्वीकृति लिएकोभन्दा बढी संख्यामा कायाकिङ र सर्फिङ बोट सञ्चालन नगर्न भनिएको छ । पर्यावरणीय स्वच्छता र सुन्दरतामा आँच नआउने गरी जलपर्यटन गतिविधि सञ्चालन गर्न अनुरोध गरिएको छ । यीलगायत विभिन्न १५ वटा बुँदामा डुङ्गा, कायाकिङ र सर्फिङ बोटसम्बन्धी सावधानी अपनाउनुपर्ने विषय समेटिएको छ । हावाहुरी, वर्षा र चट्याङ परेका बेला डुङ्गा, कायाकिङ र सर्फिङ बोट सञ्चालन नगर्न विज्ञप्तिमार्फत सचेत गराइएको छ । सूचनाको अवज्ञा गरी त्यस्ता गतिविधि सञ्चालन गर्दा सावधानी अपनाएको नपाइएमा कानुनबमोजिम कारबाही हुने कार्यालयले जनाएको छ ।

कात्तिक १८ देखि २१ गतेसम्म राष्ट्रिय जुनियर टेनिस च्याम्पियनसिप

पोखरापत्र संवाददाता
गण्डकी, १८ कार्तिक

पोखरामा प्रथम संस्करणको राष्ट्रिय जुनियर टेनिस च्याम्पियनसिप-२०२६ आयोजना हुने भएको छ ।

गण्डकी प्रदेश टेनिस सङ्घको आयोजनामा यही कात्तिक १८ देखि २१ गतेसम्म पोखरा रङ्गशाला टेनिस कम्प्लेक्समा सञ्चालन हुने प्रतियोगितामा देशभरबाट गरी ४३ जना खेलाडी सहभागी हुँदैछन् ।

नेपाल टेनिस सङ्घको स्वीकृति तथा कास्की जिल्ला टेनिस सङ्घको प्राविधिक सहयोगमा हुने प्रतियोगितामा आठदेखि १८ वर्षमुनिका 'गर्ल्स' तथा 'ब्वाइज' खेलाडीले विभिन्न उमेर समूहमा 'सिङ्गल्स' र 'डबल्स' विधामा प्रतिस्पर्धा गर्ने प्रतियोगिता संयोजक लोकबहादुर गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगितामा यू-८, यू-९, यू-१०, यू-१२, यू-१४, यू-१६ र यू-१८ उमेर समूहका खेलाडी सहभागी हुनेछन् । प्रतियोगिताका विजेतालाई आकर्षक उपहार प्रदान गरिनेछ ।

"राष्ट्रियस्तरमा प्रतिभाशाली जुनियर खेलाडीको पहिचान, टेनिस खेलको विकास, खेलाडीको क्षमता अभिवृद्धि तथा खेल संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको हो", प्रतियोगिता संयोजक गुरुङले भन्नुभयो ।

सङ्घले स्थापनाकालदेखि नै जुनियर टेनिस प्रशिक्षण र खेलाडी उत्पादनलाई प्राथमिकता दिँदै आएको छ । सङ्घका अनुसार तीन वर्षको अवधिमा एक दर्जनभन्दा बढी खेलाडी राष्ट्रिय जुनियर वरियतामा पर्न सफल भएका छन् भने केही खेलाडीले नेपालको प्रतिनिधित्व गर्दै अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइसकेका छन् । जुनियर टेनिस प्रशिक्षणलाई व्यवस्थित बनाउँदै विभिन्न विद्यालयमा समेत प्रशिक्षण सञ्चालन गरिरहेको सङ्घले प्रतिभावान् बालबालिकाको पहिचान, गुणस्तरीय प्रशिक्षण र प्रतियोगितामा सहभागिताको अवसरमार्फत राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने लक्ष्य राखिएको आयोजक गण्डकी प्रदेश टेनिस सङ्घका अध्यक्ष विनोद कायस्थले बताउनुभयो ।

"पोखरालाई टेनिस खेलको महत्वपूर्ण केन्द्रका रूपमा स्थापित गर्ने उद्देश्यसहित यो प्रतियोगिता हुँदैछ । यसबाट टेनिस खेल विकास तथा क्षमतावान् खेलाडी पहिचान र उत्पादनमा सहयोग पुग्ने अपेक्षा गरेका छौं ।" अध्यक्ष कायस्थले भन्नुभयो ।

प्रतियोगिताको मुख्य प्रायोजन ट्याङक्युलिटी स्पाले गरेको छ । प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजकले जनाएको छ । प्रतियोगिताले जुनियर खेलाडीलाई आफ्नो प्रतिभा प्रदर्शन गर्नुका साथै राष्ट्रियस्तरमा प्रतिस्पर्धात्मक अनुभव हासिल गर्ने अवसर प्रदान गर्ने विश्वास गरिएको छ । पोखरामा विभिन्न समयमा हुने टेनिसका प्रतियोगिताले खेलाडीले आफ्नो खेल कौशल प्रदर्शनको अवसर पाउँदै आएका छन् ।

सरकारलाई जवाफदेहिताका आधारमा अघि बढ्न कांग्रेसको आग्रह

रासस
काठमाडौं, १८ कार्तिक

नेपाली कांग्रेसले सञ्चारमाध्यमको स्वतन्त्रता, पत्रकारको सुरक्षा र लोकतान्त्रिक संस्थाको स्वायत्तता कायम राख्दै सरकारलाई विधिको शासन, पारदर्शिता र जवाफदेहिताका आधारमा अघि बढ्न आग्रह गरेको छ ।

नेपाली कांग्रेस केन्द्रीय कार्यालयमा आयोजित आकस्मिक पत्रकार सम्मेलनमा पार्टीका तर्फबाट धारणा सार्वजनिक गर्नुहुँदै वरिष्ठ उपसभापति विश्वप्रकाश शर्माले सञ्चारकर्मीलाई प्रतिपक्षका विषयमा मात्र नभई सत्तापक्षका गतिविधि र सरकारका निर्णयमाथि पनि निर्भीकतापूर्वक प्रश्न उठाउन आग्रह गर्नुभयो । उहाँले लोकतन्त्रको अवस्था मापन गर्ने महत्वपूर्ण आधार स्वतन्त्र प्रेस रहेको उल्लेख गर्दै पत्रकार स्वयं असुरक्षित महसुस गर्नुपर्ने अवस्था आउनु चिन्ताजनक भएको बताउनुभयो ।

"पत्रकारले कुनै राजनीतिक दल वा शक्तिको दबाबबिना सत्यतथ्य सार्वजनिक गर्न सक्ने वातावरण निर्माण हुनुपर्छ, कुनै पनि देशमा लोकतन्त्र छ वा छैन भन्ने कुराको सबैभन्दा बलियो आधार त्यहाँको प्रेसले निर्भयतापूर्वक लेख्न पाउँछन् कि पाउँदैनन् भन्ने हो", वरिष्ठ उपसभापति शर्माले भन्नुभयो । वरिष्ठ उपसभापति शर्माले पत्रकार हरूले सत्तापक्ष र प्रतिपक्ष दुवैका गतिविधिलाई समान दृष्टिकोणबाट हेर्नुपर्नेमा जोड दिनुभयो । उहाँले कांग्रेसको १५औं महाधिवेशन र विशेष महाधिवेशनका विषयमा सार्वजनिक भइरहेका टिप्पणीप्रति असन्तुष्टि व्यक्त गर्दै पार्टीको विशेष महाधिवेशन विधानसम्मत रूपमा सम्पन्न भएको बताउनुभयो । पार्टी विधानको दफा १७ को उपदफा २ अनुसार महाधिवेशन प्रतिनिधिहरूको सहभागिताम विशेष महाधिवेशन सम्पन्न भएको र त्यसपछि निर्वाचन आयोगले पार्टीको अभिलेख अद्यावधिक गरेको वरिष्ठ उपसभापति शर्माले बताउनुभयो । यस विषयमा सम्मानित अदालतमा समेत बहस भई २०८३ वैशाख ४ गते फैसला आएको उल्लेख गर्दै उहाँले निर्वाचन आयोगको निर्णय र अदालतको आदेशमाथि प्रश्न उठाउने गरी भइरहेका प्रचारप्रति आपत्ति जनाउनुभयो ।

वरिष्ठ उपसभापति शर्माले पार्टीको १५औं महाधिवेशन व्यवस्थित रूपमा सम्पन्न भएको र निर्वाचन प्रक्रिया एकै रातमा पूरा भएको उल्लेख गर्दै महाधिवेशनमा सहभागी हुन नसकेका तथा बाहिर रहेका नेता कार्यकर्तालाई समेत समेटेर अघि बढ्ने प्रयास भइरहेको जानकारी दिनुभयो ।

सरकारले आफ्नो प्राथमिकता विपद्पछिको पुनर्निर्माण, पुनःस्थापना र प्रभावित नागरिकको राहतमा केन्द्रित गर्नुपर्ने वरिष्ठ उपसभापति शर्माले बताउनुभयो । विपद्बाट ठूलो जनधनको क्षति भएको अवस्थामा पीडित नागरिकलाई राहत, पुनःस्थापना र आवासको व्यवस्था प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै उहाँले सरकारको ध्यान अन्य विषयमा केन्द्रित भएकोप्रति प्रश्न उठाउनुभयो । उहाँले कांग्रेस जिम्मेवार प्रतिपक्षका रूपमा सरकारलाई सहयोग गर्न तयार रहेको स्पष्ट पार्दै वर्तमान सरकारलाई पाँच वर्षसम्म निरन्तर काम गर्न दिनुपर्ने पक्षमा पार्टी रहेको बताउनुभयो । "हामी सरकारलाई पाँच वर्षसम्म काम गर्न दिनुपर्छ भन्ने पक्षमा छौं । तर सरकारको प्राथमिकता कहाँ छ भन्ने प्रश्न पनि उठाउँछौं," वरिष्ठ उपसभापति शर्माले भन्नुभयो । सरकारको नीति तथा कार्यक्रम तथा राष्ट्रिय महत्त्वका विषयमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले विपद् व्यवस्थापन र पुनर्निर्माणलाई राष्ट्रिय प्राथमिकतामा राख्न आग्रह गर्नुभयो । पार्टी सभापति गगनकुमार थापासँग जोडिएका सार्वजनिक अभिव्यक्ति, श्रव्य सामग्री तथा विभिन्न आरोपका विषयमा कांग्रेसले गम्भीर चासो व्यक्त गरेको छ । पार्टीले ती विषयमा उठेका प्रश्नलाई बेवास्ता नगर्ने स्पष्ट पार्दै स्वतन्त्र, निष्पक्ष, तथ्यमा आधारित र विश्वसनीय अनुसन्धान हुनुपर्ने माग गरेको छ ।

पार्टीको नेतृत्वमाथि लागेका आरोप तथा सार्वजनिक भइरहेका सामग्रीको सत्यतथ्य छानबिन गर्न सरकारसँग आग्रह गर्दै वरिष्ठ उपसभापति शर्माले कांग्रेस कुनै पनि प्रकारको अनुसन्धानको सामना गर्न तयार रहेको बताउनुभयो । "नेपाली कांग्रेस पार्टी आफ्नो नेतृत्वका बारेमा उठाइने प्रत्येक प्रश्नको सामना गर्न र जस्तोसुकै छानबिन गर्न तयार छ । हामी स्वतन्त्र, निष्पक्ष र विश्वसनीय अनुसन्धानको पक्षमा छौं", उहाँले भन्नुभयो ।

कांग्रेसले न्यायपालिकाको स्वतन्त्रता, राज्यका संस्थाहरूको सुदृढीकरण र विधिको शासनप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याएको छ । सरकारले कुनै पनि व्यक्ति वा संस्थामाथि अनुसन्धान तथा कारबाही गर्दा पर्याप्त तथ्य, प्रमाण र कानुनी आधार स्पष्ट पार्नुपर्ने वरिष्ठ उपसभापति शर्माको भनाइ थियो । लोकतान्त्रिक व्यवस्थामा पारदर्शिता, जवाफदेहिता र कानुनी शासन अपरिहार्य रहेको उल्लेख गर्दै उहाँले राजनीतिक दल, सरकारी निकाय र राज्यका अन्य संस्थाले पनि कानुनी प्रक्रिया पालना गर्नुपर्ने बताउनुभयो ।

वरिष्ठ उपसभापति शर्माले कांग्रेसले सरकारका कामकारबाहीमाथि संसदीय तथा राजनीतिक निगरानी जारी राख्ने र गलत गतिविधिका विषयमा आवाज उठाउने स्पष्ट पार्नुभयो । पत्रकार सम्मेलनमा उहाँले सञ्चारकर्मीलाई सत्तापक्ष र प्रतिपक्ष दुवैसँग समान रूपमा प्रश्न गर्न, तथ्यमा आधारित समाचार सम्प्रेषण गर्न तथा प्रेस स्वतन्त्रताको रक्षामा सक्रिय भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो ।

हेरालो प्रतिष्ठानको साधारण सभा

पोखरापत्र संवाददाता
गण्डकी, १८ कार्तिक

पोखराले ग्रामीण पर्यटन प्रवर्द्धनमा समेत टेवा पुऱ्याउने उद्देश्यका साथ २१औं वार्षिक साधारण सभा ग्रामीण भेगको होमस्टेमा आयोजना गरेको छ ।

पोखरा २३ रैकर गाउँ स्थित चापाकोट सामुदायिक होमस्टेमा भएको साधारण सभामा प्रमुख अतिथिको मन्तव्य राख्दै संस्थाका संस्थापक अध्यक्ष महेन्द्र श्रेष्ठले आम्दानीको श्रोत खोजेर भएपनि नागरिकमैत्री सामाजिक कार्यहरू गर्न सबैलाई अनुरोध गरे । प्रतिष्ठानका पुर्व अध्यक्ष निरज थापाले हेरालोकै पहलमा पोखराको राम बजार क्षेत्रबाट सुरु भएको टोल सरसफाइ अभियानले समय सँगसँगै अन्य क्षेत्रमा पनि सार्थकता पाएकोमा खुसी व्यक्त गरे । पूर्व वरिष्ठ उपाध्यक्ष चित्र गुरुङले अन्य संघसंस्थाहरुसँग



पनि सहकार्यको संस्कृति अघि बढाउन अनुरोध गरे । संस्थापक सदस्य भुपेन्द्र खड्काले सचेतना कार्यक्रम मार्फत माटो र बिउ जोगाउने तर्फ पनि हेरालोको ध्यान जानुपर्ने बताए ।

होमस्टेका अध्यक्ष रेखा देवकोटाले आफ्नो गाउँ आएकोमा स्वागत गर्दै होमस्टेले गाउँको मुहार फेर्न सहयोग पुग्ने अपेक्षाका साथ आफुहरु लागिपरेको बताए ।

हालै पोखरामा भएको अधिवेशनबाट कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषदको केन्द्रीय महिला उपाध्यक्षमा निर्वाचित प्रतिष्ठानका कार्यसमिति सदस्य पुजा शाहलाई सोही अवसरमा संस्थाको तर्फबाट सम्मान गरिएको थियो । सचिव , कोषाध्यक्ष र लेखा परीक्षकको प्रतिवेदन पारित गरेको सो सभा धनराज पुरीको अध्यक्षता र तिलक थापाको संचालनमा भएको थियो ।

नेप्सेको प्रमुख कार्यकारी अधिकृतमा सुवेदी नियुक्त

रासस
काठमाडौं, १८ कार्तिक

सरकारले नेपाल स्टक एक्सचेञ्ज (नेप्से)को प्रमुख कार्यकारी अधिकृतमा प्रताप सुवेदीलाई नियुक्त गरेको छ ।

अर्थ मन्त्रालयले गठन गरेको छनोट समितिको सिफारिसमा मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले सुवेदीलाई प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गरेको हो । सुवेदीलाई बुधबार अर्थमन्त्री डा स्वर्णिम वाग्लेले नियुक्तिपत्र प्रदान गर्दै इमानदारीपूर्वक कार्य सम्पादन गर्न निर्देशन दिनुभयो ।

पोखरामा...

चिन्ता व्यवसायीमा देखिएको छ । फ्यानका पूर्वअध्यक्ष एवं गोल्डेन नर्सरीका सञ्चालक दयाकुमार द्वाले यस वर्ष समग्रमा फूल उत्पादन राम्रो रहे पनि वर्षाका कारण उत्पादनमा केही कमी आउन सक्ने बताउनुभयो । उहाँका अनुसार पोखराको फूल बजारमा अहिले करिब ७० प्रतिशत हिस्सा स्थानीय उत्पादनले ओगटेको छ भने बाँकी ३० प्रतिशत फूल छिमेकी जिल्ला तथा पालिकाबाट आउने गरेको छ । विगतमा फूलका लागि भारतमा निर्भर रहनुपर्ने अवस्था रहे पनि स्थानीय स्तरमा व्यावसायिक फूलखेती विस्तार हुँदै जाँदा पोखरा आत्मनिर्भरतर्फ अघि बढेको उहाँले बताउनुभयो ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।
- विदुरनीति

सम्पादकीय

प्रहरी प्रमुख हटाउनु प्रहरी संगठनलाई खेलौना बनाउने काम

सरकारले नेपाल प्रहरीका महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीलाई हटाएर मनोज केसीलाई नियुक्त गरेको छ। तर मुलुकको प्रमुख सुरक्षा संगठनको नेतृत्व गरिरहेका कार्कीलाई कार्यकाल बाँकी छँदै किन हटाउनुपऱ्यो भन्ने आधिकारिक कारण सरकारले स्पष्ट पारेको छैन। बुधबार बसेको मन्त्रिपरिषद बैठकले कार्कीलाई प्रधानमन्त्री बालेन शाहको प्रमुख सुरक्षा सल्लाहकार नियुक्त गर्ने निर्णय गरेको छ। उनको ठाउँमा अतिरिक्त महानिरीक्षक मनोज केसीलाई प्रहरी संगठनको नेतृत्व दिइएको छ। सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा प्रहरी महानिरीक्षक स्तरको विशेष सुरक्षा सल्लाहकारको पद सिर्जना गरेर कार्कीलाई त्यहाँ पठाएको छ। यसले एउटा गम्भीर प्रश्न उठाएको छ–यदि कार्कीले प्रहरी महानिरीक्षकको जिम्मेवारी निर्वाह गर्न नसकेको हो भने प्रधानमन्त्रीको सुरक्षा सल्लाहकार बनाउने निर्णयको आधार के हो ? र, उनीमाथि कुनै गम्भीर समस्या नदेखिएको हो भने प्रहरी संगठनको नेतृत्वबाट उनलाई हटाउनुपर्ने कारण के थियो ? सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले कार्कीलाई कारबाही नगरिएको, जिम्मेवारी मात्र परिवर्तन गरिएको दावी गरेका छन। कार्कीको कार्यसम्पादन चित्तबुझ्दो नभएर हटाइएको हो ? उनले कुनै गम्भीर गल्ती गरेका थिए ? वा, सरकारसँग पटक पटक असहमति राखेकै कारण उनको नेतृत्व स्वीकार्य नभएको हो? सरकारले नागरिकलाई दिनैपर्छ।

प्रहरी महानिरीक्षक सरकारको विश्वासमा काम गर्ने पदाधिकारी हुन्। तर उनी सरकारको राजनीतिक निर्देशन पालना गर्ने अधिकारी मात्र होइनन्। देशको आन्तरिक सुरक्षा व्यवस्था कायम राख्ने, अपराध अनुसन्धानको नेतृत्व गर्ने र कानुन कार्यान्वयन गराउने संगठनका प्रमुख पनि हुन्। त्यसैले उनको पदमुक्ति सरकारको सामान्य प्रशासनिक निर्णय मात्र होइन। त्यसले प्रहरी संगठनको संस्थागत स्थिरता, व्यावसायिक स्वतन्त्रता र सरकारको जबाफदेहितासँग समेत सरोकार राख्छ। साशकको आदेश तामेली नगरेको झोकमा हटाउनुलाई विधिको शासन मान्न सकिन्न। स्वेच्छाचारी शासन हो। कार्कीलाई हटाउने निर्णयले प्रधानमन्त्री शाह र सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेबीचको मतभेद समेत सतहमा ल्याएको छ। कार्कीलाई कार्यकाल नसकिँदै हटाउने विषयमा प्रधानमन्त्री र सभापतिबीच तीव्र असहमति भएको थियो।

लामिछाने सार्वजनिक रूपमा पुष्टि गर्न सकिने पर्याप्त कारणबिना बहालवाला आइजिपीलाई हटाउन नहुने पक्षमा थिए। सार्वजनिक रूपमा प्रतिरक्षा गर्न सकिने र जनतालाई बुझाउन सकिने कारण नभई कार्कीलाई हटाउन नहुने भन्दै लामिछानेले अडान लिएको सार्वजनिक भएको छ। लामिछानेको असहमतिका बाबजुद सरकारले कार्कीलाई आइजिपीबाट हटाउने निर्णय गरेको छ। यसले कार्कीको पदमुक्ति प्रधानमन्त्री र सत्तारूढ दलका सभापतिबीचको मतभेदको एउटा अभिव्यक्ति हो कि भन्ने प्रश्न उठाएको छ। आइजिपी नियुक्तिबारे सरकारका प्रवक्ता र सत्तारूढ पार्टीका प्रवक्ताको भनाइ आपसमा बाझिनुले पनि यही संकेत गर्छ। सरकारका प्रवक्ता पोखरेलले पार्टीको निर्देशन अनुसार आइजिपी फेरिएको दाबी गरिरहेका बेला रास्वपा प्रवक्ता जगदिश खरेलले भने कुनै व्यक्तिलाई पदबाट हटाऊ वा नियुक्ति गर भनेर पार्टीले सरकारलाई निर्देशन नदिएको बताएका छन्। उनले अगाडि भने, 'पार्टीले पत्रकार पक्राउको घटनामा कारबाही गर भनेकाले आजको निर्णय गरेको भनेर सरकारले भनेको छैन। खाली जिम्मेवारी हेरफेर गरेको भनेको छ। किन यस्तो निर्णय गर्यौं भनेर सरकारले नै स्पष्ट पार्दै जाला।

पार्टीको निर्देशन भने यो होइन।' प्रमुख सुरक्षा संगठनको नेतृत्व परिवर्तनजस्तो संवेदनशील विषयमा सत्तारूढ दलका सभापतिको असहमतिका बाबजुद प्रधानमन्त्री अघि बढेको घटनाले दुई नेताबीचको सम्बन्ध र सरकारको निर्णय प्रक्रियाबारे पनि प्रश्न उठाएको छ। प्रधानमन्त्री शाह नेतृत्वको सरकार र कार्कीबीच केही समयदेखि नै असमझदारी चलिरहेको थियो। ठूला राजनीतिक व्यक्तिहरूलाई पक्राउ गर्ने विषयदेखि अनुसन्धानमा प्रहरी परिचालन र सरूवासम्म सरकार तथा प्रहरी नेतृत्वबीच मतभेद भएका विवरण यसअघि नै सार्वजनिक भएका थिए। कानुनी आधार विना गिरफ्तारी र प्रतिशोध साँध्ने कामले सरकारलाई राम्रो गर्दैन भन्नू जिम्मेवार सुरक्षा प्रमुखको कर्तव्य हो। त्यसको रिसमा प्रहरी संगठनलाई खेलौना बनाउनु कलंकको भारी बोक्नु हो।साशकको स्वेच्छाचारी कदमका लागि मतियार बन्नु र सिनियरलाई षड्यन्त्र गरेर हटाउन मतियार बन्ने पनि प्रमुख दोषी हुन।

तपाईको आज

मेष	: शत्रुको भय	तुला	: सहयोग मिल्नेछ
वृष	: ब्यापारमा लाभ	वृश्चिक	: स्वास्थ्यमा सुधार
मिथुन	: अप्रत्यसित लाभ	धनु	: शुभ यात्रा
ककर्ट	: शारीरिक झमेला	मकर	: आर्थिक समस्या
सिंह	: सत्कार मिल्नेछ	कुम्भ	: कार्यमा सफलता
कन्या	: मानसिक तनाब	मीन	: झमेला बढ्ने

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

डा केसीसँग वार्ताका लागि चार सदस्यीय टोली गठन

रासस
काठमाडौं, १८ कार्तिक

चिकित्सा शिक्षा सुधारको माग राख्दै अनसनमा बस्नुभएका प्रा डा गोविन्द केसीसँग वार्ता र संवाद गर्न सरकारले चार सदस्यीय वार्ता टोली गठन गरेको छ। शिक्षा तथा खेलकुद मन्त्रालयले सहसचिव जयराम अधिकारीको संयोजकत्वमा उक्त वार्ता टोली गठन गरेको हो। टोलीमा चिकित्सा शिक्षा आयोगका सदस्य-सचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका प्रतिनिधि र शिक्षा मन्त्रालयका प्राविधिक शिक्षा शाखाका उपसचिव सदस्य रहनुभएको छ।

मन्त्रालयले डा केसीले राख्नुभएका मागहरूप्रति गम्भीर ध्यानाकर्षण र संवेदनशीलता व्यक्त गर्दै वार्ता र संवादका माध्यमबाटै समाधान खोज्न अनशनरत पक्षलाई आह्वान गरेको छ।

एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा

गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ५, बिहुँकोट साविक बिहुँकोट गा.वि.स. वडा नं. ६ निवासी भारतीय भु.पु. ६/८ जि.आर. सैनिक नं. ५७५५७६४ A LnK



यम बहादुर पुनको श्रीमती ना.प्र.नं. ४४०१/२३३ जारी मितिः २०५८/०१/०२ की गंगा देवी थापा पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा निजको नाम थर गंगा देवी थापा पुन र जन्म मिति वि.सं. २०३९/०५/१५ (ई.सं. 1982 Aug. 31) उल्लेख भएको र निजको भारतीय डकुमेन्टमा निज श्रीमतीको नाम थर गंगा देवी पुन र जन्म मिति ई. सं. 22 Aug. 1982 उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी काठेखोला गाउँपालिका, ५ नं. वडा कार्यालय, बिहुँकोट, बागलुङको च.नं. ३०३, मिति २०८३/०७/१० गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

जिल्ला प्रशासन कार्यालय, बागलुङ

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
एकीकृत सेवा कार्यालय, कास्की
फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना
प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१८

यस कार्यालयबाट मिति २०७३/०४/०३ मा कास्की जिल्ला पोखरा ०६, मा संचालन गर्ने गरि दर्ता भएको फर्म दर्ता नं. ११७५७/०७३/०७४ को **डान्सिङ बोट पब रेष्टुरेण्ट** नामक फर्म बन्द गरी पाउँ भनी प्रोप्राईटर **श्री दामोदर पौडेल समेत ५ जना** स्वयम् उपस्थित भई मिति २०८३/०७/१८ मा आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

एकीकृत सेवा कार्यालय, कास्की

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
एकीकृत सेवा कार्यालय, कास्की
फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना
प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२२

यस कार्यालयबाट मिति २०७९/०१/११ मा कास्की जिल्ला पोखरा ३३, मा संचालन गर्ने गरि दर्ता भएको फर्म दर्ता नं. २२५१६/०७८/०७९ को **मधु भुवन बाखा तथा कृषि फर्म** नामक फर्म बन्द गरी पाउँ भनी प्रोप्राईटर **श्री मधुमाया श्रेष्ठ** स्वयम् उपस्थित भई मिति २०८३/०६/२१ मा आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

एकीकृत सेवा कार्यालय, कास्की

एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा

गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ११ निवासी भारतीय भु.पू. सैनिक नं. ५७४०३६५ का भक्त बहादुर थापाको श्रीमती ना.प्र.नं. २९९-१५१५ की सिता मगनीको नेपाली नागरिकताको प्रमाणपत्रमा निजको नाम थर सिता मगनी उल्लेख भएको र निजको भारतीय डकुमेन्टमा निज श्रीमतीको नाम



थर सित मगनी उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थर सिता मगनी र सित मगनी भएको व्यक्ति फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका, ११ नं. वडा कार्यालय, रायडाँडा, बागलुङको च.नं. १८५, मिति २०८३/०५/०४ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

जिल्ला प्रशासन कार्यालय, बागलुङ

हजुरबासँगका पल र अन्तिम टीकाको आठ आशीर्वाद

पियुष सिग्देल

हाम्रो जीवनका सबैभन्दा सुन्दर सम्झना ठूला घटनामा होइन, बाल्यकालमा बिताएका साना-साना पलमा लुकेका हुन्छन्। कसैको न्यानो साथ, मायाले भरिएको बोली र सानो खुसीमा देखिने मुस्कान जीवनभर मनमा बसिरहन्छन्। मेरा लागि यस्तै अमूल्य सम्झनाको अर्को नाम हो हजुरबा। म त्यतिबेला पाँच वर्ष पूरा गरेर छ वर्ष लागेको थिएँ होला। हरेक दिन हजुरबाको फेरो समातेर हजुरबाकै पछि लाग्दै हिँड्थेँ। उहाँ लौरोको सहारामा बिस्तारै पाइला चाल्नुहुन्थ्यो भने म आफ्ना साना पाइलाले उहाँलाई पछ्याइरहेको हुन्थेँ। घरबाहिर कतै जानुपरे पनि मेरो रोजाइको गन्तव्य हजुरबासँगै हुन्थ्यो। उहाँ जहाँ जानुहुन्थ्यो, म पनि त्यतै पुग्थेँ। सायद त्यो उमेरमा मैले संसार बुझिसकेको थिइनँ, तर हजुरबाको साथ नै मेरो संसार थियो।

कहिलेकाहीं घुमेर घर फर्किंदा बाटोमा भेटिएका बाङ्गाटिङ्गा दाउरा वा बाँसका टुक्रा टिपेर हजुरबालाई दिन्थेँ। जति टुक्रा दिए पनि हजुरबाले आफ्नो सीप र जाँगर लगाएर त्यही दाउरा वा बाँसबाट मेरा लागि धनुष बनाइदिनुहुन्थ्यो। हजुरबाले बनाइदिएको धनुष हातमा लिएर खेल्दा म दङ्ग पर्थेँ। मेरो सानो खुसीमा उहाँको अनुहारमा छुट्टै चमक देखिन्थ्यो। आज सम्झँदा लाग्छ, त्यो धनुष केवल खेलौना थिएन, हजुरबाले नातिलाई दिनुभएको मायाको एउटा सुन्दर उपहार थियो। समय आफ्नै गतिमा अघि बढ्दै गयो। म नौ वर्षको भएँ। भोक लाग्दा वा केही खान मन लाग्दा हजुरबासँग २० रुपैयाँ माग्थेँ। उहाँ पनि कुनै आनाकानी नगरी खुसीसाथ पैसा दिनुहुन्थ्यो। विशेषगरी हरेक शनिबार उहाँसँग २० रुपैयाँ माग्ने मेरो बानी नै बसेको थियो। त्यो सानो रकम मेरा लागि ठूलो खुसी थियो। पैसाको मूल्यभन्दा पनि त्यसमा मिसिएको हजुरबाको माया र अपनत्व मेरा लागि विशेष थियो। आज ती शनिबार सम्झँदा मनमा मिठाससँगै भावुकता पनि छाउँछ। ती दिन फेरि फर्काउन नसके पनि तिनका सम्झना भने मनमा सधैँ ताजा छन्। जब म १२ वर्षको भएँ, हजुरबाको स्वास्थ्यमा पनि समस्या देखिन थाल्यो। उहाँका खुट्टाले विस्तारै साथ दिन छाडे।

कुनै समय एउटा लौरोको सहारामा हिँड्ने उहाँ पछि ह्विलचेयरको सहारा लिनुपर्ने अवस्थामा पुग्नुभयो। मलाई साथ लिएर गाउँघर डुल्ने ती पाइला क्रमशः कमजोर हुँदै गएको देख्दा मन खिन्न हुन्थ्यो। बाल्यकालमा मेरो हात समातेर हिँड्ने हजुरबालाई अब आफैँ हिँडडुल गर्नसमेत कठिन भएको देख्दा जीवन बुझ्न गाह्रो हुन्थ्यो। हजुरबा मेरा लागि बाल्यकालका साथी मात्र हुनुहुन्थ्यो, उहाँ मेरा पहिलो गुरु पनि हुनुहुन्थ्यो। सानैदेखि उहाँले मलाई देवीदेवताका कथा सुनाउनुहुन्थ्यो। विशेषगरी भगवान् श्रीकृष्णको महिमा र उहाँसँग जोडिएका धार्मिक प्रसङ्ग सुनाउँदा म ध्यानपूर्वक सुन्थेँ। उहाँका कथाले मेरो मनमा धर्म, संस्कार र आस्थाप्रति विस्तारै रुचि जगाउँदै अलि अलि छोएको छ। ती कथा केवल सुन्ने र रमाउने विषय थिएनन्, जीवनमा असल संस्कार र नैतिकताको महत्व बुझाउने पाठ पनि थिए। आज पनि ती कथा सम्झँदा हजुरबाको स्वर कानमा घुमिरहेको अनुभूति मलाई हुन्छ।



१० औं दिनको सन्दर्भमा

समयले उहाँको शरीरलाई कमजोर बनाउँदै लगेको थियो, तर परिवारप्रतिको माया भने उस्तै थियो। कुरा कार्तिक ४ गतेको हो, दसैँको टीकाको दिन थियो। उमेर र अस्वस्थताका कारण हजुरबालाई हात उठाउन र बोल्नसमेत कठिन भइरहेको थियो। तर पनि उहाँले मलाई टीका लगाइदिनुभयो। पूरा मन्त्र उच्चारण गर्दै आठवटा आशीर्वाद दिनुभयो। त्यो बेला उहाँको काँपिरहेको हात, मन्त्र उच्चारण गरिरहेका ओठ र आँखामा झल्किएको स्नेहले मेरो मन छोएको थियो। हजुरबाको हातबाट निधारमा परेको त्यो टीका र उहाँले दिनुभएका आठवटा आशीर्वाद मेरा लागि सामान्य दसैँको टीका र आशीर्वाद मात्र थिएनन्। ती त वर्षौंदेखि पाउँदै आएको माया, संस्कार र आत्मीयताका जीवन्त प्रतीक थिए।

त्यो क्षण उहाँबाट प्राप्त भएको टीका र आशीर्वाद नै जीवनको अन्तिम हुनेछ भन्ने कल्पनासमेत गरेको थिइनँ। तर हे भगवान सो टिका नै अन्तिम भयो। टीकाको भोलिपल्टसम्म हजुरबाको अवस्था सामान्य नै थियो। तर त्यसको अर्को दिनदेखि उहाँको बोल्ने सक्ति हराउँदै गयो। एक हप्ता अघिसम्म मसँग भएका कुराकानीसमेत बिर्सन थाल्नुभयो। सुरुमा औषधिको असर होला भन्ने लाग्यो। तर साँझतिर हजुरबालाई झन गाह्रो हुँदै गयो। पिसाबबाट रगत आउन थालेपछि हामीलाइ झन चिन्ता बढ्यो। सबैका अनुहार अँध्यारा भए, आँखामा पीडाका आँसु भरिएको देखेँ। भोलिपल्ट बिहान म हजुरबा सुत्नुभएको कोठातर्फ उहाँलाई भेट्न जाँदै थिएँ। तर त्यतिबेलासम्म उहाँले यो संसार छाडिसक्नुभएको रहेछ। त्यो खबरले मलाइ के भयो के भयो वोल्न सकिन बाबा तिर हेरैं, उता अंकल तिर हेरै श्वास फेर्न गाह्रो भए जस्तो तै पनि मन समल्दै गएँ। अब रुनु र सम्झनुबाहेक के नै बाँकी थियो। तैपनि जीवन अघि बढाउनैपर्ने रहेछ। २०८३ कार्तिक १० गते विहान निधन भएको भोली पल्टदेखी विद्यालय जानैपऱ्यो। केही दिनअघि मात्र आफ्नै हातले निधारमा टीका लगाइदिएर मन्त्रसहित आठवटा आशीर्वाद दिनुभएका हजुरबालाई अब हरेक रात सुत्नुअघि सम्झन पो आउन थाल्यो। मेरो सानो खुसीमा रमाउने ती प्रिय हजुरबा अब हामीमाझ रहनुभएन। बाल्यकालदेखि जसको साथलाई आफ्नो संसार ठानेँ, उहाँ नै एकाएक सम्झनामा सीमित हुनुभयो। उहाँको चन्द्रमाझैं उज्यालो अनुहार मेरो मनबाट कहिल्यै मेटिने छैन। बिर्सन त झन् कसरी सकूँला। हजुरबा बितेको वेलुका देखि नै छिमेकी दाजु त्यसमा पनि हामी कहिले काँही साथी साथी भनेर बोल्थ्यौं तर म भन्दा करिब ३३ वर्ष जेठो दाजु शोभाकान्तले हजुरबासँग जोडिएका सम्झना लेख्न बारम्बार अनुरोध गर्नुभयो। उहाँले दिदी समीक्षासामु पनि मलाई लेख्न सम्झाइ रहनुभयो। तर लेख्न खोज्दा हजुरबाको अनुहार मात्र आँखाअगाडि आउँथ्यो। शब्दहरू भेट्टाउने गाह्रो हुन्थ्यो। तैपनि शनिबार बिहान फेरि दाजु आउनुभयो। जसरी पनि लेखेर सल्फेट दाइलाई दिन फेरी अनुरोध गर्नुभयो। दाजुको अनुरोधलाई स्वीकार गर्दै कोठामा बसेर लेख्न थालेँ। सुरुमा केही शब्द लेख्न पनि गाह्रो भयो तर हजुरबासँग बिताएका पल सम्झँदै जाँदा कसरी दुई पाना भरिएछन्, पत्तै पाइनँ। यो लेखाइ मेरा लागि केवल संस्मरण होइन, हजुरबाप्रतिको माया र सम्झनालाई शब्दमा उतार्ने एउटा सानो प्रयास हो। हजुरबाको लौरो टेकेर अघि बढ्ने पाइला रोकिएका छन्, तर उहाँले देखाउनुभएको संस्कार र जीवनको बाटोमा हिँड्ने मेरो यात्रा रोकिएको छैन। उहाँले निधारमा लगाइदिनुभएको अन्तिम टीकाको स्पर्श र कानमा गुञ्जिएका आठवटा आशीर्वाद जीवनभर भुल्ने छैन। अन्त्यमा, प्रिय हजुरबा, तपाईं जहाँ भए पनि शान्तिमा रहनुहोला। तपाईंले दिनुभएको अन्तिम टीका र आठवटा आशीर्वादलाई म जीवनभर आफ्नो निधार र मनमा सजाएर राखी राख्ने छु। हजुरको मायालु अनुहार, आत्मीय साथ र बाल्यकालका ती अमूल्य पल मेरो मनमा सधैँ जीवित रहिरहने छन्। हार्दिक श्रद्धाञ्जली, प्रिय हजुरबा तपाईंको आत्माले शान्ति प्राप्त गरोस्। हजुरलाई सधैँ सम्झिरहने नाति।

लेखक नाति ग्लोबल कलेजियट स्कूलमा विज्ञान विषय लिएर कक्षा ११ मा अध्ययनरत हुनुहुन्छ।

बेनीमा चौथो बौद्ध कप फुटबल प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, १८ कार्तिक

म्याग्दीको बेनीमा रु दुई लाख २२ हजार २२२ पुरस्कार राशिको चौथो बौद्ध कप खुला फुटबल प्रतियोगिता बुधबारदेखि सुरु भएको छ।

बौद्ध युवा क्लबको आयोजनामा बेनीस्थित खुलामञ्च खेलमैदानमा पाँच दिनसम्म सञ्चालन हुने प्रतियोगितामा विभागीय नेपाल पुलिस क्लबसहित १४ टोली सहभागी छन्। प्रतियोगिताको गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले उद्घाटन गर्नुभयो। उद्घाटन खेलमा आयोजक बौद्ध युवा क्लबको सेतो समूहलाई सेभेन स्टार युवा क्लब, आनन्दबगरले पेनाल्टी सुटआउटमा ६-५ गोलले पराजित गर्दै विजयी सुरुआत गरेको छ। बिहीबारको पहिलो खेल नेपाल पुलिस क्लब र मनसुन युवा क्लबबीच हुने बौद्ध युवा क्लबका अध्यक्ष दुर्गा बुढामगरले जानकारी दिनुभयो।

प्रतियोगिताको विजेताले रु दुई लाख २२ हजार २२२ र ट्रफी तथा उपविजेताले रु एक लाख ११ हजार १११ पुरस्कार प्राप्त गर्नेछन्। तेस्रो हुने टोलीले रु ५५ हजार ५५५ पुरस्कार पाउनेछ। त्यसैगरी, अनुशासित टोलीलाई रु २२ हजार २२२ तथा उत्कृष्ट खेलाडी, उत्कृष्ट डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकलाई जनही रु सात हजार ७७७ पुरस्कार प्रदान गरिने क्लबका सचिव श्यामसुन्दर कँडेलले बताउनुभयो।

प्रतियोगिता सञ्चालनमा रु १६ लाख ५७ हजार ७७२ खर्च हुने अनुमान गरिएको छ। प्रतियोगिता अवलोकन गर्न दर्शकले रु ५० प्रवेश शुल्क तिर्नुपर्नेछ। प्रवेश शुल्कबाट सङ्कलित रकमको ४० प्रतिशत असोज दोस्रो साताको बाढीपहिरोबाट प्रभावितलाई राहतस्वरूप प्रदान गरिने अध्यक्ष बुढामगरले जानकारी दिनुभयो।

लायन्स क्लबद्वारा शैक्षिक सामग्री हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, ८ कार्तिक



लायन्स क्लब अफ पोखरा चौतारीले स्याङ्जाको आधीखोला गाउँपालिका-६ स्याङ्जा, लामिस्वाँसा स्थित भगवती माध्यमिक विद्यालयलाई शैक्षिक सामग्री हस्तान्तरण गरेको छ ।

क्लबका सदस्यहरूको आर्थिक सहयोगमा विद्यालयलाई स्मार्ट बोर्ड, कापी, कलम, ज्यामितीय बक्स तथा विज्ञान विषयका आवश्यक पाठ्यपुस्तक प्रदान गरिएको हो । क्लबका डिस्ट्रिक्ट ३२५ जे का गभर्नर प्रजापति बास्तोला, क्लबका अध्यक्ष गोविन्द ढकाल तथा पूर्वअध्यक्षहरूले संयुक्त रूपमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्रराज ढकाल र प्रधानाध्यापक बुद्धिबहादुर क्षेत्रीलाई उक्त सामग्री हस्तान्तरण गर्नुभएको थियो । सामग्री हस्तान्तरण कार्यक्रममा बोल्दै गभर्नर बास्तोलाले लायन्स क्लब एक सामाजिक संस्था भएको उल्लेख गर्दै मानव सेवाका क्षेत्रमा क्रियाशील रहदै आएको बताउनुभयो । लायन्सवादमा आबद्ध व्यक्तिहरू समाजलाई सकारात्मक दिशातर्फ अघि बढाउन सधैँ अग्रसर रहने उहाँको भनाइ थियो । विद्यालयका संस्थापक टिकराम ढकालले विसं २०२२ मा स्थापना भएको यस विद्यालयले राष्ट्रका लागि विभिन्न राष्ट्रिय व्यक्तित्व उत्पादन गरेको स्मरण गर्दै विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सबै पक्षको सहयोग आवश्यक रहेको बताउनुभयो । क्लबका अध्यक्ष गोविन्द ढकालले सोही विद्यालयमा अध्ययन गरेको स्मरण गर्दै विद्यालयको शैक्षिक विकासमा सहयोग गर्न पाउँदा खुसी लागेको बताउनुभयो । कार्यक्रममा आधीखोला गाउँपालिका-६ का वडाध्यक्ष नवीन ढकालले विद्यालयको स्तरउन्नतीको लागि पालिकास्तरीय कार्यक्रम ल्याएतापनि आर्थिक पक्ष कमजोर भएका बालबालिकाका लागि दाताहरुको सहयोग आवश्यक रहेको बताउनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्रराज ढकालले यस विद्यालयमा विद्यार्थी संख्या बढाउनको लागि विद्यालयले सवारीसाधन संचालनमा ल्याउने योजना रहेकोले सो योजनालाई सहयोग गर्न सामाजिक संस्था समक्ष आग्रह गर्नुभयो । त्यसैगरी विद्यालयका प्रधानाध्यापक बुद्धिबहादुर क्षेत्रीले गाउँपालिकामा नै जनसंख्या दर घट्दै जानु र बसाइसराई अर्को चुनौतीको रुपमा रहेको बताउनुभयो। कार्यक्रममा क्लबका पूर्वअध्यक्षहरू तेजबहादुर भट्टराई, विनोद पौडेल, सञ्जीव कोइराला, पुरुषोत्तम पराजुली, जगदीश अधिकारी र विश्वकुमार विजुक्छे तथा लायन धुर्ब राउत, रक्षा लामा, अमरराज भण्डारी, सञ्जयकुमार सापकोटा र नेपाल पत्रकार महासंघ गण्डकी अध्यक्ष रमेश पौडेलले लायन्स क्लबले शिक्षा र स्वास्थ्य क्षेत्रमा गरेको योगदानको चर्चा गर्दै ग्रामीण क्षेत्रबाट बसाइसराईको प्रमुख कारण शिक्षा नै भएको बताउनुभयो । विद्यालयलाई प्रदान गरिएको शैक्षिक सामग्रीले विद्यार्थीको सिकाइ प्रक्रियालाई थप प्रभावकारी बनाउनुका साथै विज्ञान तथा प्रविधिमैत्री शिक्षणमा सहयोग पुग्ने अपेक्षा क्लबले गरेको छ ।

चौंथो संस्करणको प्रगति खेल उत्सव दुई दिन हुने

पोखरापत्र संवाददाता
पोखरा, १८ कार्तिक



पोखराको बाटुलेचौरमा रहेको प्रगति माध्यमिक विद्यालयले चौथो संस्करणको खेल उत्सव आयोजना गर्ने भएको छ ।

विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको मानसिक तथा शारीरिक विकासका लागि आयोजना गरिएको उत्सव यही कार्तिक १९ र २० गते पोखरा रंगशालामा आयोजना हुने विद्यालयले जनाएको छ । विद्यार्थीलाई खेलसँग सम्बन्धित क्रियाकलापमामा सक्रिय गराउने उद्देश्यले विगतका बर्षहरुझैं वृहत खेल उत्सवको आयोजना गर्दै आइरहेको परिकल्पनाकार दिनेश कुमार श्रेष्ठले जानकारी दिए । विद्यालयबाट सिकाई उपलब्धि हासिल गरेका विद्यार्थीहरू अन्तर्राष्ट्रिय प्रतियोगितामा समेत सहभागी भएको र राष्ट्रका लागि महत्वपूर्ण योगदान पुर्याएको बताउँदै, परिकल्पनाकार श्रेष्ठले विद्यालयले बिभिन्न समयमा खेलकुद गतिविधीका अलवा साहित्यिक मेला,नाट्य उत्सव, संगीत उत्सव, सांस्कृतिक कार्यक्रम गर्दै आइरहेको बताए ।

उत्सवका अनौपचारिक खेलहरु विद्यालयमा आयोजना भईरहेको र मुख्य ईभेन्टका फाईनल खेलहरु दुई दिनसम्म पोखरा रंगशालामा आयोजना हुने सुचना अधिकारी जयराम पौडेलले बताए । उत्सवमा छात्र फुटबल, छात्र,छात्रा तर्फको ह्याण्डबल, बास्केटबल, व्याडमिन्टन,हाइजम्प, लङ्गजम्प, १ सय मिटर रिले दौड, ५०, १००, २००, ४०० र ८०० मिटर दौड प्रतियोगिता आयोजना गरिएको संयोजक सुमन कार्कीले जानकारी दिए । प्रारम्भिक चरणका खेलहरु जारी रहेको उनले बताए । उत्सवलाई व्यवस्थित बनाउन कार्कीको संयोजकमा बिभिन्न समिति गठन गरिएको छ । उत्सवको कार्यक्रम नियन्त्रणमा महेन्द्र थापा, सहसंयोजनमा राम पौडेल, कमल नेपाली, खेल संयोजनतर्फ विधागत रूपमा पुर्ण मान गुरुङ, दिनेश श्रेष्ठ, शंकर केसी, विशाल नेपाली, दिवस अधिकारी,सुरज देवकोटा, महेन्द्र थापा र मन बहादुर गुरुङ छन । त्यस्तै वित्तीय व्यवस्थापनमा जयराम पौडेल, स्वास्थ्य व्यवस्थापन अनिता बस्नेत, अतिथि सत्कारमा दिनेश अर्याल, जयराम पौडेल र ममता गुरुङ,लोजोष्टिक सपोर्टमा चिनबहादुर कार्की, खाना व्यवस्थापनमा मीना कार्की, यातायात व्यवस्थापन चिन्ता खवास, पुरस्कार व्यवस्थापन जयराम पौडेल, माला, खादा व्यवस्थापन विश्वराज अधिकारी, सुचना संचारमा विष्णु तिमिल्सीना, स्टेज व्यवस्थापनमा सुरज देवकोटा, कार्यालय व्यवस्थापनमा विनोद भुजेल, कार्यक्रम संचालनमा सन्ध्या वसेल, प्रतिमा गुरुङ र अफिसियल सपोर्टका रूपमा कास्की जिल्ला एथलेटिक्स संघ रहेको विद्यालयले जनाएको छ । प्रतियोगितामा बिभिन्न १२ ईभेन्टमा विद्यार्थीले सहभागिता जनाएका छन् ।

तनहुँ जलविद्युत् आयोजनाको जलाशयमा रुख कटान सुरु

पोखरापत्र संवाददाता
तनहुँ, ८ कार्तिक

तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको जलाशय क्षेत्रमा रहेका रुख कटानका लागि प्रक्रिया सुरु गरिएको छ ।

यसका लागि आयोजनाले जलाशय क्षेत्रभित्र पर्ने २५ वटा सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिसँग पहिलो चरणको परामर्श बैठक गरेको छ। डिभिजन वन कार्यालय तनहुँको समन्वयमा आयोजित बैठकमा जलाशय क्षेत्रमा रहेका रुखको गणना, छपान तथा कटानसम्बन्धी प्रक्रियाबारे छलफल गरिएको आयोजनाले जनाएको छ । बैठकमा रुख गणना, छपान र कटानका लागि अपनाउनुपर्ने विधि तथा प्रक्रियाबारे सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिलाई जानकारी गराइएको थियो । उक्त कार्यमा सामुदायिक वन उपभोक्ता समूहको भूमिका, सहभागिता र आवश्यक समन्वयका विषयमा समेत छलफल भएको छ ।

आयोजना प्रमुख श्यामजी भण्डारीले जलाशय क्षेत्रभित्र पर्ने रुख कटानको काम व्यवस्थित रूपमा अधि बढाउन सामुदायिक वन उपभोक्ता समूहसँग परामर्श सुरु गरिएको जानकारी दिनुभयो । रुख गणना, छपान तथा कटानसम्बन्धी प्रक्रिया अघि बढाउँदा सम्बन्धित वन समूहको सहभागिता र समन्वयलाई महत्त्व दिइएको उहाँले बताउनुभयो ।

जलाशय क्षेत्रभित्र पर्ने वन क्षेत्रको व्यवस्थापन आयोजनाको निर्माण प्रक्रियासँग जोडिएको विषय भएकाले प्रचलित वनसम्बन्धी कानुनी व्यवस्था र निर्धारित प्रक्रियाअनुसार काम अघि बढाउनुपर्ने भण्डारीले बताउनुभयो ।

रुख गणना, कटान तथा आवश्यक प्रक्रिया पूरा गर्न उपभोक्ता समूहले कसरी सहभागिता जनाउने भन्ने विषयमा बैठकमा छलफल भएको थियो । बैठकमा छलफल भएका विषयलाई कार्यान्वयनमा लैजान आवश्यक प्रक्रिया अघि बढाउने सहमति भएको आयोजना प्रमुख भण्डारीले जानकारी दिनुभयो ।

विशेष गाउँसभाबाट थप बजेट विनियोजन

पोखरापत्र संवाददाता
म्याग्दी, १८ कार्तिक

धवलागिरि गाउँपालिकाको मङ्गलबार मुनामा सम्पन्न २७औँ विशेष गाउँसभाले चालु आर्थिक वर्ष २०८३/८४ को बजेट संशोधन गरेको छ ।

सभाले पुँजीगत शीर्षकमा विभिन्न योजनाका लागि थप बजेट विनियोजन गर्दै चालु आर्थिक वर्षको कुल बजेटको आकार रु ४८ करोड ५२ लाख तीन हजारबाट बढाएर रु ५४ करोड ७२ लाख तीन हजार कायम गरेको हो । गत आर्थिक वर्षमा खर्च हुन नसकेको बजेटलाई चालु आर्थिक वर्षमा २७ वटा योजना तथा कार्यक्रमका लागि रु छ करोड २० लाख विनियोजन गरिएको धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले जानकारी दिनुभयो ।

उपाध्यक्ष पुनले पेस गरेको बजेट संशोधन र वडा नं ३ का अध्यक्ष देवेन्द्र रोकाले पेस गरेको विनियोजन ऐन संशोधन गर्ने प्रस्ताव सभाले सर्वसहमतिले पारित गरेको हो । गत असारको सभाले पुँजीगत शीर्षकमा विभिन्न योजना तथा कार्यक्रमका लागि रु १४ करोड छ लाख ८७ हजार विनियोजन गरेको थियो । थप भएको सहित पुँजीगत शीर्षकको बजेट बढाएर रु १८ करोड १९ लाख ८७ हजार कायम गरिएको गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो ।

दीर्घकालीन महत्वका र अति आवश्यक बेलिब्रिज, वडा कार्यालय, ढल व्यवस्थापन र कल्भर्ट निर्माणसम्बन्धी योजनाका साथै कृषि, पर्यटन, नवप्रवर्तन, युवा, महिला, कलासंस्कृति संरक्षण, शिक्षासम्बन्धी कार्यक्रमका लागि बजेट विनियोजन गरेको उहाँले बताउनुभयो । गुर्जामा वडा कार्यालय भवन बनाउन रु ५० लाख, दरखोलामा बेलिब्रिज बनाउन रु ६० लाख, मराङ सानो र ठूलो खोलामा कल्भर्ट पुल बनाउन रु ७० लाख र मल्कवाङको खालीखोलामा कल्भर्ट पुल बनाउन रु ६६ लाख विनियोजन भएको छ । गुर्जाको जनकल्याण माविमा शौचालय निर्माणमा रु २० लाख, लुलाङ ढल व्यवस्थापनका लागि रु २५ लाख, मुना स्वास्थ्य चौकी घेराबारका लागि रु २५ लाख, मुदी गाउँमा ढल व्यवस्थापन गर्न रु ४१ लाख, हेम नमूना आवासीय माविमा खोल्सामा बाढी नियन्त्रणका लागि रु ४० लाख, ताकमकोटमा शौचालय, खानेपानी निर्माण र स्लेट ढुङ्गा छपाउन रु चार लाख विनियोजन भएको छ । पर्यटन तथा होमस्टे व्यवसायी लक्षित तालिम तथा सामग्री वितरणमा रु २० लाख, मागमा आधारित कृषि कार्यक्रमलाई रु पाँच लाख, नवप्रवर्तन तथा डिजिटल धवलागिरि अभियानलाई रु पाँच लाख, युवा लक्षित सीप विकास तालिमका लागि रु २० लाख, कलासंस्कृति संरक्षणका लागि रु १५ लाख, गृहिणी तथा आमा समूह लक्षित कार्यक्रमका लागि रु २० लाख विनियोजन भएको छ ।

बजेट विनियोजन भएका योजनाको सर्वेक्षण, लागत अनुमान तयार पार्ने काम भइरहेको, दुईवटा योजनाको ठेक्का आह्वान भएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पौडेलले जानकारी दिनुभयो । तिहारलगत्तै उपभोक्ता समिति गठन र सम्झौता गरी साना योजनालाई उपभोक्ता समिति तथा रु १० लाखभन्दा बढी बजेटका योजना ठेक्कामार्फत कार्यान्वयनमा लैजाने तयारी गरेको गाउँपालिकाले जनाएको छ ।

एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. २, नरेठाँटी साविक नरेठाँटी गा.वि.स. वडा नं. ४ निवासी भारतीय भू.पू. सैनिक नं. ५८४१००६ हनेरी नायक सुबेदार पदम बहादुर कार्कीको श्रीमती छवि कुमारी कार्कीको नेपाली नागरिकता प्रमाणपत्र नं. १९८१-१३८९ मा नाम थर छवि कुमारी कार्की र जन्म मिति वि.सं. २००८/१२/२३ (ई.सं. १९५२/०४/०४) भएको र निजको श्रीमानको पेन्सन डकुमेन्टमा नाम थर छवि कुमारी र जन्म मिति वि.सं. २००९/०६/०१ (ई.सं. १९५२/०९/१६) उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी गलकोट नगरपालिका, २ नं. वडा कार्यालय, नरेठाँटी, बागलुङको च.नं. ३०७, मिति २०८३/०७/१३ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय, बागलुङ

सदस्यलाई ऋण चुक्ता गर्न आउनेबारे ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०७/१९

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जना व्याज र अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौंता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति थप रोक्का राखी सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ । धितो सुरक्षण अपर्याप्त हुन गई कर्जा असुली हुन नसकेकोमा निजको व्यक्तिगत धनजमानी दिने तपसिलका व्यक्तिको स्वामित्वमा रहेको तथा निजको एका घरको हक लाग्ने चल-अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न कारबाहि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपसिल

ऋणी सदस्यको विवरण	जमानीको विवरण
सदस्यता नं. : ८८४	१. नाम : योगराज पौडेल
१. नाम : सविता शर्मा उपाध्य	जन्म मिति : २०३८।०४।०२
जन्म मिति : २०४४।०१।१६	ना.प्र.नं. : ५५७१७
ना.प्र.नं. : १५४१३१	जारी मिति : २०५४।०५।११
जारी मिति : २०६१।११।१० कास्की	बाबु/पत्नी : नरपति पौडेल
बाबु/पति : बलभद्र पौडेल, डिल्लीराम शर्मा उपाध्या	बाजे/ससुरा : जयलाल पौडेल
बाजे/ससुरा : होमनाथ शर्मा	ठेगाना : साविक घिताल गा.वि.स. वडा नं. ४
ठेगाना : पोखरा म.न.पा. -२२	हाल : पोखरा म.न.पा वडा नं.३
हाल : पोखरा म.न.पा. -३	

धितो विवरण : १, श्री सविता शर्मा उपाध्यको नाममा कास्की जिल्ला पोखरा म.न.पा.वडा नं. ३ मा रहेको कि.न. ११८ क्षेत्रफल ३०८/६० ब.मि. जग्गा र सोमा बनेको घर
२, श्री सविता शर्मा उपाध्याको नाममा रहेको साविक रुपाकोट गा.वि.स वडा नं. ३ मा रहेको कि.न. ५७४१, ५७५६ क्षेत्रफल ० -३- ३- २, ०- १ -२ -० भएको जग्गा

फेवा बचत तथा ऋण सहकारी संस्था लि.
प्रधान कार्यालय: पोखरा-५, जिरो कि. मि.
फोन: ०६१-५७३३७५, ५७२२३६

दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको सूचना



जिल्ला स्याङ्जा बिरुवा गाउँपालिका वडा नं ०२ निवासी भारतीय भु.पु. सैनिक नं 5240592 HAV देव बहादुर गुरुङको श्रीमतीको सैनिक अभिलेखमा र ना.प्र.मा तपसिल बमोजिमको नामथर र जन्म मिति फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं २८६ मिति २०८३/०७/१० को पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही व्यहोरा सिफारिस गरिन्छ ।

क्र. स.	ना.प्र.मा नामथर	सैनिक अभिलेखमा नामथर	नाता	ना.प्र.मा जन्म मिति	सैनिक अभिलेखमा जन्म मिति
१	चन कुमारी गुरुङ	चन्द्र कुमारी Chandra Kumari	श्रीमती	२०१३/०१/०४ 16 April 1956 A.D	२०१३/०३/१८ 01 July 1956 A.D

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.०८ निवासी भारतीय भु.पु.सै.नं. ५८४५०११ का हवल्दार छविलाल क्षेत्रीको मिति २०८३।०७।१७ गतेको माग निवेदन र संलग्न कागजात अनुसार निजको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर हरि कला खत्री र जन्ममिति वि.सं. २०२३।०३।१६ (ई.सं.१९६६।०६।३०) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर हरि कला देवी (Hari Kalla Devi) र जन्ममिति ई.सं.१९६३।१२। ३० उल्लेख भई फरक परेता पनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ०८ नं. वडा कार्यालयको च.नं. ८७७ मिति २०८३।०७।१७ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

जिल्ला प्रशासन कार्यालय, कास्की